
तिमीहरूले मलाई विश्वास गर्दैनौ, तर यूहन्ना र धर्मशास्त्रले पनि मेरो आगमनको भविष्यवाणी गरेका थिए । धर्मशास्त्रमा खोज किनभने धेरै अगमवाणीहरूले मेरो बारेमा साक्षी दिन्छन् ।
परमेश्वरको अगाडि म तिमीहरूलाई दोष्याउनेछु भन्ने नठान । तिमीहरूले पालन गर्न असफल भएको मोशाको व्यवस्थाले तिमीहरूको विरुद्ध साक्षी दिनेछ ।
उनीहरूले मार्न चाहेका मानिस यिनै हुन् तर पनि यिनले प्रष्ट गरी बोल्दै छन् र तिनीहरूले केही गर्दैनन् । उहाँ नै ख्रीष्ट र इस्राएलका मसीह हुन् भनेर शासकहरूलाई थाहा छ र ?
शास्त्रीहरूले सिकाएअनुसार मसीह कहाँबाट आउँछन् भन्ने हामीलाई थाहा छैन, तर यी मानिस गालीलका सिकर्मीका छोरा हुन् भन्ने हामीलाई थाहा छ ।
तिमीले म को हुँ भन्ने जान्दछौ, तर मकहाँबाट आएको भन्ने जान्दैनौ । म यस पृथ्वीमा आफैँ आएको होइन । मलाई मेरा पिताले पठाउनुभयो, तर तिमीहरूले मेरा पितालाई चिन्दैनौ । तर म उहाँलाई चिन्दछु र उहाँले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो ।
उनले मेरो कुरा कसरी सुनेछन् ?
उहाँलाई सबै कुरा थाहा छ ।
आउनुहुनेछ भनेर भविष्यवाणी गरिएको मसीह उहाँ नै हुनुहुन्छ ।
तपाईं मसीहले यो मानिसले गरेभन्दा बढी आश्चर्यकर्म गर्नेे आशा राख्नुहुन्छ र ?
तुरुन्तै गएर त्यो ईश्वरनिन्दकलाई पक्र ।
मानिसहरूले उसमाथि विश्वास गर्दै छन् । उसलाई चुप बनाउनैपर्छ ।
यो समय खराब देखिन्छ ।

